कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुली ।

अत्यावश्यक खाद्यान्न आपूर्ति सम्बन्धी अत्यन्त जरुरी सूचना
(सूचना प्रकाशित मितिः २०७७/०१/१६ )

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19) को कारणले चलिरहेको लकडाउनको अवस्थामा नगरवासीको दैनिक जीवनयापनलाई सहज वनाउन यस नगरपालिका क्षेत्रका अति विपन्न तथा मजदुर वर्गका लागि तत्काल राहत स्वरुप खाधान्न आपूर्ति सम्बन्धमा मितिः २०७६/१२/१७ गते नगरकार्यपालिकाबाट निर्णय भएको र सो को व्यवस्थापनको लागि मितिः २०७७/०१/१५ गते विपद व्यवस्थापन निर्देशक तथा समन्वय समितिको बैठकले थप राहत वितरण गर्ने र सो का लागि ३ दिन म्याद राखि सूचना प्रकाशन गरी तपसिल बमोजिमको राहत सामाग्री खरिद गर्ने निर्णय गरेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को दफा १४५ को विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था सम्बन्धी प्रावधान भए बमोजिम तपसिलमा उल्लेखित दररेटमा नबढाई तत्काल खरिद गर्नुपर्ने भएकाले सक्षम तथा ईच्छुक आपूर्तिकर्ताले आपूर्ति गर्नुपर्ने सामाग्रीहरुको दररेट उल्लेख गरी मितिः २०७७/०१/१८ गते दिनको १:०० बजे भित्र यस कार्यालयमा सोझै आएर वा नगरपालिकाको ईमेल ठेगाना kamalamaimun.sindhuli@gmail.com मा आफ्नो दररेट सहितको प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| **खाद्यान्नको विवरण** | **दररेट रु.** |
|---|---|
| १) चामल ( जिरा मसिनो ) | ६० प्रति के.जी. |
| २) दाल (मिक्स) | १२० प्रति के.जी. |
| ३) नुन ( आयो) | १५ प्रति के.जी. |
| ४) तेल ( सनफ्लावर) | १५५ प्रति लि. ( भ्याट बाहेक ) |
| ५) साबुन (नुहाउने ७५ ग्राम ) | २५ प्रति गोटा ( भ्याट बाहेक ) |

**शर्तहरुः**

१) प्रति प्याकेजमा देहायअनुसारको सामाग्री हुनेछ ।

क) चामल - २० केजी

ख) दाल - ३ केजी

ग) नुन - १ केजी

घ) खानेतेल - १ लिटर

ङ) साबुन - १ पिस ( नुहाउने )

२) उक्त खाद्यान्न सामाग्री आपूर्तिकर्ताले ८३५० ( आठ हजार तीन सय पचास ) प्याकेज उपलब्ध गराउनुपर्नेछ ।

३) प्रस्तावहरु उपर मिति २०७७/०१/१८ गते दिनको २ बजे प्रस्ताव खोली मूल्याँकन गरिनेछ र सो को भालिपल्ट कार्यालय समयमा सम्झौता गरिनेछ ।

४) आपूर्तिकर्ताले खाधान्न आपूर्ति गर्ने थप विषयमा सम्झौतामा उल्लेख गरेअनुसार हुनेछ ।

दरभाउपत्रको प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु

१. फर्म दर्ता प्रमाण पत्र

२. मु.अ.कर/स्थायी लेखा नं. दर्ता प्रमाणपत्र ।

३. आ.ब. २०७५/७६ को करचुक्ता प्रमाणपत्र ।

प्रमुख प्रशासकीय अधिकृत